# काठमाडौं जिल्ला अदालत

**बबरमहल, काठमाडौं**

**क्यान्टिन संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना**

***(प्रकाशित मितिः २०७२।०३।१४गते)***

आ.व.२०७२/७३ को लागि काठमाडौं जिल्ला अदालतको क्यान्टिन संचालन सम्वन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजतपत्र प्राप्त, स्थायी लेखा नम्वर (PAN) र मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका, कालोसूचीमा नपरेका व्यक्ति, फर्म वा संस्थाबाट देहाय बमोजिम रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. दरभाउपत्रको फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म खरिद गरी १६ औं दिनको १२।०० बजेसम्म दर्ता गरी सक्नु पर्नेछ । उक्त सिलवन्दी दरभाउपत्रको खाम बाहिर कामको विवरण, ठेक्का नं., फर्म वा संस्थाको नाम, ठेगाना, सम्पर्क नम्बर उल्लेख गरी दाखिला गर्नु पर्नेछ ।

२. दरभाउपत्र यस अदालतको प्रशासन शाखाबाट रु.१,०००। (एक हजार रुपैंया) फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिनेछ

३. पर्न आएको सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २ बजे यस अदालतमा उपस्थित फर्म वा संस्थाका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । तर फर्म वा संस्थाका प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. रीत नपुगी र म्याद नाघी आएका बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

५. दरभाउपत्र सम्बन्धी काम कारवाही हुने अन्तिम दिन विदा परेमा अड्डा खुलेको दिनमा सोही अनुसार हुनेछ ।

६. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने भन्ने सम्पूर्ण अधिकार यस अदालतमा रहनेछ ।

७. दरभाउपत्र अङ्क र अक्षर दुबैमा प्रष्टसंग लेखिएको र केरमेट नभएको हुनुपर्नेछ । केरमेट भएकोमा अक्षरमा लेखिएकोलाई मान्यता हुनेछ । केरमेट भएको स्थानमा दरभाउपत्रवालाको दस्तखत भएको हुनपर्नेछ ।

८. अन्य कुराहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार हुनेछ ।

९. दरभाउपत्र स्वीकृत भईसकेपछि स्वीकृत दरभाउपत्रवालाले अदालतबाट तोकिएको मिति देखि सेवा संचालन शुरु गर्नु पर्नेछ ।

१०. सिलबन्दि दरभाउपत्रसाथ जमानत वापत रु.१,००,०००। (एक लाख रुपैंया) मात्र यस अदालतको पक्षमा जारी गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंको समन्वय कार्यालय बबरमहलको नाममा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ कार्यालय (कोड नं.२७–२०४–०३) मा रकम जम्मा गरेको सक्कल भौचर शिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

११. फर्म दर्ता, आयकर दर्ता र आ.व.२०७०।२०७१ सम्मको कर चुक्ता प्रमाणपत्र संलग्न राखी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

१२. दरभाउपत्र दाता स्वयंले उल्लेखित कार्यमा अयोग्य नभएको, आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले कुनै सजाँय नपाएको भनी लिखित घोषणा पेश गर्नु पर्नेछ ।

प्रतिलिपि २०७२।३।१२